**कोरोना भाइरस सम्बन्धमा बागमती प्रदेशको अवस्था**
**मकवानपुर । ०७७ वैशाख १४ गते**

कोरोना भाइरस सम्बन्धमा बागमती प्रदेशका १३ ओटै जिल्लाका प्रतिनिधिहरूले पठाएको रिपोर्टको आधारमा तयार पारिएको प्रतिवेदन यस प्रकार छ ।

**इन्सेक धादिङ जिल्ला प्रतिनिधि सिताराम अधिकारीका अनुसार** कोरोना सङ्क्रमण रोकथाम गर्न लागु गरिएको 'लकडाउन' लम्बिँदै जाँदा गरिब तथा विपन्नहरू समस्यामा पर्न थालेको भन्दै जिल्ला खेलकुद विकास समिति धादिङका अध्यक्ष प्रताप तामाङले धादिङबेशीमा रहेका केही गरिब तथा विपन्न परिवारहरूलाई खाद्यान्न सहयोग गरेका छन् । गरिब तथा विपन्नहरूलाई चामल, दाल, आलु, खाने तेल, नुनलगायतका खाद्य सामाग्री र मास्क, सेनिटाइजर लगायतका स्वास्थ्य सामग्री वितरण गरिएको उहाँले बताउनुभयो ।

लम्बिँदै गरेको 'लकडाउन' का कारण गरिब तथा विपन्न परिवारहरू समस्यामा परेको देखेपछि केही भए पनि सहयोग गर्ने उद्देश्यले खाद्यान्न सामग्री वितरण गरेको तामाङले बताउनुभयो ।

धादिङको लापाबाट भुकम्प कारण विस्थापित भाई ज्वालामुखि गाउँपालिकाको ढोलामा बस्दै आएका नमुना वस्तीमका नागरिकहरूलाई खाद्य सामग्री वितरण गरिएको छ । ढोलामा बनाइएको नमूना बस्तीमा २५ घर परिवारका करिव ७७ जना सबै परिवार मजदुरी गर्दै जीवन यापन गर्दै आएका थिए । मजदुरी गरेर जीवन यापन गर्दै आएका कारण उनीहरूलाई दैनिकी गुरारा गर्न समस्या परेको थियो । प्रदेश सांसद जगत सिंखडा र अमेरिकामा बस्दै आएका आखे माम परिवारले खाद्यान्न सहयोग गरेका हुन् । बस्तीमा रहेका ५५ परिवारमध्ये खानका लागि समस्या भोगेका २५ घरपरिवारलाई एक एक बोराचामल, दुई दुई किलोग्राम दाल, एकएक किलोग्राम नुन, दुई दुई लिटर तेल वितरण गरिएको थियो ।

यसैबीच, नलिकण्ठ नगरपालिकाले धादिङका क्रियाशिल पत्रकारहरूलाई वितरण गर्न भनेर राहतका लागि प्रेस युनियन धादिङलाई दिएको भनिएको २५ थान पीपीई सेटका विषयमा विवाद उत्पन्न भएको छ ।

नगरपालिकाले पार्टीका पत्रकारको रुपमा चित्रण गरेका कारण विवादमा आएको हो । स्वास्थ्यकर्मीलाई आवस्यक पर्ने पीपीई सेट पत्रकारहरूलाई आवस्यक नभएकोले लिन नहुने भन्दै पत्रकारहरूले आफूहरू पार्टीका पत्रकार नभई समाचारका लागि काम गर्ने श्रमजिवि भएको बताएका छन् । पीपीई सेट वितरण गर्न आवश्यकताका लागि माग नगरेकाहरूको नाम राखेर बदनाम गराउन खोजेकोले आफूहरू नगरपालिकाको स्थानीय सरकारजस्तो नदेखिएको भन्दै आलोचना सुरू भएको छ ।

**इन्सेक नुवाकोट जिल्ला प्रतिनिधि नवदीप श्रेष्ठका अनुसार** नुवाकोटमा स्थानीय तहले बनाएको क्वारेण्टाइनमा आठ जना रहेका छन् । होम क्वारेण्टाइनमा रहनेको सङ्ख्या वैशाख १४ गते ६ सय ६९ जना रहेका छ । दुप्चेश्वर गाउँपालिकाले १ सय ५० जनालाई काठमाडौंबाट ल्याएर होम क्वारेण्टाइनमा राखेकोछ । जिल्लामा वैशाख १४ गते ८३ जनाको ज्वरो परीक्षण गरिएको छ ।

**इन्सेक रसुवा जिल्ला प्रतिनिधि हेमनाथ खतिवडाका अनुसार** काठमाडौं तथा अन्य जिल्लाबाट आउनेहरूलाई अनिवार्य क्यारेण्टाइनमा बस्नुपर्ने र त्यसका लागि स्थानीय तहमा समन्वय गरेर मात्र आउनुपर्ने व्यवस्था गरिएको छ । कालिका गाउँपालिकाको कालिकास्थानमा रहेको क्वारेण्टाइनमा हाल दुई जना रहेका छन् ।

गाउँपालिका फर्केका १३ जना होमक्वारेण्टाइनमा रहेको प्रमुख प्रशासकीय अधिकृत नवदिप राइले बताउनु भयो । आमाछोदिङमो गाउँपालिकाको थाम्बुचेतमा रहेको क्वारेण्टाइनमा नौ जना रहेका छन् । काठमाडौँबाट आउँदै गरेको ८० जना राख्नका लागि थप क्वारेण्टाइन तयार गर्न अहिले सुरक्षाकर्मी खटिएका छन् ।

गोसाँइकुण्ड गाउँपालिका अध्यक्ष कैसाङनूर्पु तामाङ र उपाध्यक्ष करग्याल्मो श्रेष्ठको सक्रियतामा बौद्ध, बालाजु, स्वयम्भुलगायतका ठाउँमा अलपत्र रहेका ६७ जना नागरिकलाई जिल्ला ल्याएर क्वारेन्टाइनमा राखिएको छ । अहिले गोसाँइकुण्ड गाउँपालि भित्र क्वारेण्टाइनमा ७६ जना रहेको स्वास्थ्य शाखा प्रमुख बिमल घिमिरेले बताउनुभयो ।

कोभिड १९ कोरोना भाइरस नियन्त्रण तथा रोकथामका लागि निर्माण गरेका क्वारेण्टाइन अपाङ्गमैत्री नभएको रसुवा अपाङ्ग पुर्नस्थापना केन्द्रका अध्यक्ष गम्भीरमान लोले बताउनुभयो । जिल्लामा रहेका पाँच ओटा गाउँपालिकामा निर्माण गरेका क्वारेण्टाइन कक्षहरू अपाङ्गमैत्री नभएको गुनासो छ । स्थानीय तहले उचित ध्यान दिन जनप्रतिधि समक्ष अनुरोध उहाँले बताउनुभयो ।
अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ मा अपाङ्गता भएका व्यक्तिलाई सशस्त्र सङ्घर्ष, सङ्कटकाल वा विपद्परेको अवस्थामा प्राथमिकताका साथ सुरक्षा, उद्धार तथा संरक्षण पाउने अधिकार उल्लेख गरिएको छ । जिल्लामा हालसम्म विदेशबाट फर्केका ६० जनाको र्‍यापीड टेष्ट (आरडीटि) टेष्ट गरिएको छ ।
यसैबीच, जिल्लामा राष्ट्रिय मानव अधिकार आयोगको अनुरोधमा कोभिड-१९ बाट उत्पन्न वर्तमान जटिल परिस्थितिमा मानव अधिकारको अवस्था अनुगमन नेटवर्कको गठन भएको छ । नेपाल पत्रकार महासङ्घ रसुवाका अध्यक्ष तथा इन्सेक जिल्ला प्रतिनिधि हेमनाथ खतिवडा नेटवर्कको संयोजकमा चयन हुनु भएको छ । नेटवर्कको सदस्यहरूमा गैरसरकारी संस्था महासङ्घ नेपाल जिल्ला अध्यक्ष बिनोद लामिछाने, अधिकारकर्मीहरू विस्वास नेपाली र सरस्वती न्यौपाने रहेका छन् ।
कोभिड-१९ बाट उत्पन्न वर्तमान जटिल परिस्थितिमा मानव अधिकारको अवस्था अनुगमन गर्न राष्ट्रिय मानव अधिकार आयोग, नेपाल बार एशोसियसन, नेपाल पत्रकार महासङ्घ र गैरसरकारी संस्था महासङ्घ नेपालबीच मानव अधिकार अवस्था अनुगमन नेटवर्क बनाई मानव अधिकार अवस्था अनुगमन गर्ने उद्देश्य अनुरुप समितिले समय समयमा जिल्लाको अवस्था बारे अनुगमन गर्ने तथा समयसमयमा बैठक गर्ने संयोजक खतिवडाले बताउनु भयो ।

**इन्सेक दोलखा जिल्ला प्रतिनिधि उद्धव पोखरेलका अनुसार** दोलखामा कोरोना संक्रमण भइहालेमा उपचारमा सहज होस भन्ने उद्धेश्यका साथ एम्बुलेन्सलाई पार्टेसन गरी सुरक्षित बनाईएको छ । सङ्क्रमित बिरामी ओसारपसार गर्दा एम्बुलेन्स चालकलाई सङ्क्रमण नफैलियोस भन्ने उद्धेश्यका साथ भीमेश्वर नगरपालिकाको एउटा र तामाकोसी गाउँपालिकाको एउटा गरी दुई ओटा एम्बुलेन्सलाई पार्टेसन गरिएको भीमेश्वर नगरपालिकाका स्वास्थ्य शाखा प्रमुख श्याम खड्काले जानकारी दिए ।
एम्बुलेन्सको पछाडि र अगाडिको भाग अलग अलग गरी पार्टेसन गरिएको हुदा चालक र बिरामीबीबच दुरी कायम गर्न सजिलो हुने र जसका कारण एम्बुलेन्स चालकलाई सुरक्षित राख्न सकिने खड्काले बताउनु भयो । साथै एम्बुलेन्स चालकहरूलाई अन्य सुरक्षित सामग्री उपलब्ध गराई सकिएको पनि स्वास्थ्य प्रमुख खड्काले बताउनु भयो ।
दोलखामा कार्यरत सञ्चारकर्मीलाई विभिन्न व्यक्तिहरूले स्वास्थ्य सुरक्षा सामग्री प्रदान गरेका छन् । कोरानो भाईरसको सङ्क्रमणकाबीच पनि अग्रपंक्तिमा रहेर रिर्पोटिङ कार्यमा खटिईरहेका दोलखाका सञ्चारकर्मीहरूको लागि जिल्लाका व्यवसायी दिनेश बस्नेतले २७ ओटा प्रेस ज्याकेट नेपाल पत्रकार महासङ्घ दोलखा जिल्ला शाखा मार्फत सञ्चारकर्मीहरूलाई हस्तान्तरण गरेका छन् । यसै गरी दोलखाको लापीलाङ घर भई काठमाण्डौमा व्यवसाय गर्दै आएका विक्रम खड्काले ३० थान पोलोराईड चस्मा र मेलुङका व्यवसायी रामहरी श्रेष्ठले १ सय थान मास्क नेपाल पत्रकार महासङ्घ दोलखा जिल्ला शाखा मार्फत सञ्चारकर्मीहरूलाई उपलब्ध गराएको नेपाल पत्रकार महासङ्घ दोलखाका अध्यक्ष जीवन लामाले बताउनु भयो ।

**इन्सेक सिन्धुपाल्चोक जिल्ला प्रतिनिधि नातिबाबु धितालका अनुसार** विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरस बाट बच्न र बचाउन नेपाल सरकारले लकडाउन (बन्दावन्दी) को घोषणा गरेको अवस्थामा सिन्धुपाल्चोकका स्थानीय सरकार प्रमुख आफैले नेतृत्व गरेर काठमाडौबाट बस रिजर्भ गरी सडकमा आवतजावत गरेर स्थानीय सरकार प्रमुखबाटै लकडाउन उल्लङ्घन गरेको जनस्तरबाट आवाज उठिरहेको छ ।
आफुलाई भोट दिने जनता काठमाडौलगायत अन्य जिल्लामा अलपत्र परेको भन्दै गाउँपालिका तथा नगरपालिका प्रमुख आफैले बस रिजर्भ गरी लकडाउनको समयमा गाउ भित्र्याउने गरेकोले गाउँमा बसेका

मान्छेहरू असुरक्षित बनेका छन् । लकडाउन घोषणा भएको सुरू सुरूमा काठमाडौंबाट हिडेर घर फर्केका व्यक्तिहरूलाई १४ दिनसम्म क्वाराण्टाइनमा राखेर जाँच गरिन्थ्यो तर अहिले जनप्रतिनिधि आफैले नेतृत्व गरेर, प्रहरी प्रशासनलाई छलेर रातीको समयमाबीना जाँच आफुलाई भोट दिने जनता भन्दै गाउँ प्रवेश गराउदा आफुहरू असुरक्षित भएको इन्द्रवती गाउँपालिका ३ का रमेश गिरीले बताउनु भयो ।
जनप्रतिनिधि आफैले लकडाउन उल्लङघन गरी बस चढाएर मान्छे ल्याएको घटना बारे प्रमुख जिल्ला अधिकारीसँग जानकारी लिन खोज्दा आफू यस बारे केही बोल्ने नमिल्ने प्रजिअ उमेशकुमार ढकालले बताउनुभयो । स्थानिय सरकार प्रमुखबाटै लकडाउनको समयमा हुलका हुल मान्छे लिएर आउनु भनेको सुरक्षाको चुनौति भएको जिल्ला प्रहरी कार्यालयका डिएसपी दिपकप्रसाद काफ्लेले बताउनु भयो । डिएसपी काफ्लेका अनुसार कति मानिस कुन गाउँपालिका र नगरपालिकाले भित्र्याएको हो त्यसको तथ्याङ्क प्रहरीलाई जानकारी छैन । वैशाख १० गते देखि यता जुगल, बेलेफी, त्रिपुरासुन्दरी, इन्द्रवती गाउँपालिका र चौतारा सागाँचोकगढी नगरपालिकाले ४ हजार जना भन्दा बढी नागरिकलाई रातको समयमा गाउँ प्रवेश गराएको बन्देउ प्रहरी चेक पोष्टका एक प्रहरीले बताउनु भयो ।
मानिसहरूको आगमनले कोरोना भाइरस सङ्क्रमणको सम्भावना रोक्न जिल्ला प्रहरी कार्यालयले चौतारा बजारमा भाइरस रोगथाम गर्ने किटनाशक औषधि छर्ने अभियान चलाएको छ । वैशाख १४ गते बिहानै देखि जिल्ला प्रहरी कार्यालयले सो अभियान सुरू गरेको डिएसपी माधव काफ्लेले बताउनु भयो ।
चौतारा सागाँचोकगढी नगरपालिका-७ र सुनकोशी गाउँपालिका-६ का सबै नागरिकहरूलाई कोरोना भाइरस भए/नभएको जाँच गर्न स्वास्थ्यकर्मीहरू घर घर पुगेका छन् । वडा अध्यक्षको नेतृत्वमा भएको सो अभियानले कोभिड–१९ संगं लड्न नागरिकहरूमा थप उर्जा थपिने सुनकोशी गाउँपालिका-६ का वडा अध्यक्ष रामकुमार थापाले बताउनु भयो । आफ्नो वडाका सबैलाई जाँच गरेर कोरोना भाइरस सङ्क्रमणबाट मुक्त गराउने अभियान भएको चौतारा सागाँचोकगढी नगरपालिका-७ का अध्यक्ष उमाप्रसाद दुलालले बताउनु भयो ।

**इन्सेक चितवन जिल्ला प्रतिनिधि दीपेन्द्र अधिकारीका अनुसार** सार्वजनिक क्वारेण्टाइनमा ६४ र होम क्वारेन्टाइनमा ६ सय ८२ रहेकोमा अधिकाश घर फर्किएका छन् । अहिले तीमध्ये २९ सार्वजनिक क्वारेण्टाइनमा र ३७ होम क्वारेण्टाइनमा रहेका छन् । कालिका नगरपालिका र राप्ती नगरपालिकामा रहेका सार्वजनिक क्वारेण्टाइनमा २९ रहेका छन् । अहिले क्वारेण्टाइनमा रहेकामध्ये पाँच जना विदेशबाट आएका र अन्य ६१ जना अन्तर जिल्लाबाट यहाँ आएका रहेका सहायक प्रमुख जिल्ला अधिकारी नेत्र शर्माले बताउनुभयो ।
वैशाख १४ गते लकडाउन उल्लङ्घन गरेको आरोपमा ३८ ओटा सवारी साधन नियन्त्रणमा लिएको चितवन प्रहरी प्रवक्ता डिएसपी एकनारायण कोइरालाले बताउनु भयो । भरतपुर अस्पतालमा वैशाख १४ गते सात ओटा नयाँ नमूना सङ्कलन गरिएको भरतपुर अस्पतालका सूचना अधिकारी लिलाधर पौडेलले बताउनु भयो ।
चितवनका स्थानीय तहहरू भरतपुर महानगरपालिका, रत्ननगर नगरपालिका, खैरहनी नगरपालिका, राप्ती नगरपालिका, कालिका नगरपालिका, माडी नगरपालिका र इच्छाकामना गाउँपालिकाले आ-आफ्नो क्षेत्रमा राहत वितरणलाई तिव्रता दिएका छन् ।

**इन्सेक भक्तपुर जिल्ला प्रतिनिधि रमेश गिरीका अनुसार** भक्तपुर जिल्ला अस्पतालमा वैशाख १४ गते सात जना शंकास्पद व्यक्तिको कोरोना परीक्षण गरेको छ । सात पुरुषको द्रुत गतिको र्‍यापीड किट (आरडिटी) बाट परीक्षण गरिएकोमा सबैको नतिजा नेगेटिभ आएको भक्तपुर अस्पतालको मेडिकल सुपरिटेण्डेण्ट डा सुमित्रा गौतमले जानकारी दिनुभयो । अस्पतालले हालसम्म ४ सय ९३ जनाको कोरोना परीक्षण गरेकोमा सबैको रिपोर्ट नेगेटिभ आएको उहाँले जानकारी दिनुभयो ।
भक्तपुर जिल्लामा कोभिड १९ बाट बच्न उच्च सतर्कता अपनाउँदै केही प्राथमिकतामा रहेका व्यवसाय तथा उच्च प्राथमिकता प्राप्त विकास निर्माणका काम सुचारु गर्ने सहमति भएको छ । जिल्ला समन्वय समिति भक्तपुरले आयोजना गरेको एकिकृत छलफलमा सरोकारवाहरूबीच यस्तो सहमति भएको हो । सङ्घीय

सांसद महेश बस्नेतले खाद्यन्न आपुर्ति, कृषिको काम र बिकासका सन्दर्भमा आसपासका जिल्लामा समेत समन्वय गरेर सहजीकरण गनुपर्ने बताउनु भयो । त्यसका लागि सहजिकरण गर्न सरोकारवाला सहितको समिति बनाउनु पर्ने बतउँदै पुर्व उद्योग मन्त्री समेत रहेका बस्नेतले यदि खाद्य, कृषि र प्राथकिमता प्राप्त उद्योग व्यवसायको काम लामो समय अवरुद्ध भए देश थेग्नै नसक्ने आर्थिक मन्दिमा पर्ने तर्फ सचेत गराउनु भयो ।

कार्यक्रममा बागमति प्रदेशका सांसदहरू शशिजंग थापा, डा.राजेन्द्रमान श्रेष्ठ, प्रदेश सांसद कृष्णलाल भँडेल र रजनी जोन्छे, सरस्वती बाटीले ले उत्पादनमा जोड दिनुपर्ने बताउँदै कसैलाई जमिन बाँझो राख्न दिन नहुने र कृषकलाई बीउ मल उपलब्ध गराउनका लागि बजेट छुट्ट्याउनु पर्ने बताउनु भयो ।

जिल्ला समन्वय समितिका प्रमुख नवराज गेलालले भक्तपुर आसपासका जिल्ला काठमाडौं, ललितपुर, काभ्रेपलान्चोक र धादिङसँग समन्वय गर्दै कृषि सामग्री केन्द्र मार्फत कृषकका लागि मल बीउको सहजीकरणका लागि पहल गर्ने, कोभिड १९ को नियन्त्रणलाई थप प्रभावकारी बनाउने, आपुर्ति सहज गर्न, अभाव र कालोबजारी नियन्त्रण गर्न र विकास निर्माणमा सहजीकरण गने तय भएको बताउनु भयो ।

मध्यपुर थिमिका नगरपालिकाका प्रमुख मदनसुन्दर श्रेष्ठ, सूर्यबिनायक नगरपालिकाका प्रमुख बासुदेब थापा, चाँगुनारायण नगरपालिकाका प्रमुख सोम मिश्र, प्रमुख जिल्ला अधिकारी हुमकला पाण्डेले कोरोना भाईरस नियन्त्रण र लकडाउनलाई सबैको सहयोगमा प्रभावकारी रुपमा जिल्लामा कार्यान्वय गरिएको बताउनु भयो ।

त्यस्तै भक्तपुर अस्पतालका मेडिकल सुपरिटेण्डेण्ट डा. सुमित्रा गौतमले डिआईएफडीको १ करोड सहयोगमा अस्पतालले १० दिनमा कोभिड १९ उपचारको लागि छुट्टै ब्लक निर्माण गर्ने गरी काम गरिरहेको बताउनु भयो ।

त्यस्तै भक्तपुरका युवा उद्योगी व्यवसायीहरूले लकडाउनको अवधिमा घरेलु साना उद्योगहरू सञ्चालन गर्न दिनुपर्नेमा विशेष जोड दिएका छन् । लकडाउन भनेर चुप लागेर वस्नु देशकै लागि प्रत्युत्पादन हुनसक्ने भन्दै उनीहरूले सरकारको ध्यान त्यसतर्फ आकर्षित गराए ।

कोरोना भाइरस सङ्क्रमण रोक्न सरकारे गरेको लकडाउनको सदुपयोग गर्दै चाँगुनारायण नगरपालिकाले ड्रोनबाट सर्वेक्षण एवम् नक्साङ्कन गर्ने कार्य सुरु गरेको छ । नगरपालिकाले यही १३ गतेदेखि दुवाकोटबाट ड्रोन उडान सुरू गरेको हो ।

नगरपालिकाको लगानी बिना नै ईसी मोडलगायत विभिन्न सङ्घ संस्थाको सहयोगमा ड्रोनबाट डिजिटल नक्सा तयार पार्न लागेको बताउदै उहाँले काठमाडौं उपत्यकाका सबै स्थानीय तहहरूमा ड्रोन सर्वे एवम् नक्साङ्कन गर्ने उद्देश्य राखेको यस परियोजनको उपत्यकामा पहिलो परीक्षण सर्वे चाँगुनारायण नगरपालिकाबाट सुरू भएको जानकारी दिनुभयो ।

**इन्सेक मकवानपुर जिल्ला प्रतिनिधि पुष्पराज अधिकारीका अनुसार** लकडाउनपछि घरबिदामा बसेका पुरानो गोरखगणका १ सय ५० सैनिकलाई गणभित्रै क्वारेण्टाइनमा राखिएको छ ।

मकवानपुरको भैसेमा रहेको पुरानो गोरखगणले घर बिदाबाट फर्केर आएका सैनिकहरूबाट अन्य सैनिकमा सङ्क्रमण सर्नसक्ने जोखिमबाट बचाउन क्वारेण्टाइनमा राखिएको गणपति अनिल बुढाथोकीले बताउनु भयो । चैत ११ गते लकडाउन भएपछि बिदामा बसेकाहरू घरबाट व्यारेकमा फर्कने, बिदेशबाट फर्किएर आएका सेनालाई क्वारेण्टाइनमा राखिएको हो । नेपाली सेनाले आम नागरिकका लागि छुट्टै क्वारेण्टाइन बनाएको छ भने आफ्ना सैनिकहरूलाई राख्न व्यारेक भित्रै क्वारेण्टाइन बनाएको हो ।

हेटौंडाका विभिन्न क्षेत्रमा लकडाउन उल्लङ्घन गर्ने ७३ सवारी नियन्त्रणमा लिएको छ । लकडाउन उल्लङ्घन गरी विभिन्न बहाना बनाइ बजारमा सञ्चालन भइरहेका ७३ ओटा सवारीलाई नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

कैलाश गाउँपालिकाले लकडाउनका बेला काठमाडौंमा रहेका र गाउँ फर्कन चाहेका ४ सय ५२ जना नागरिकलाई गाउँ ल्याएको छ । कैलाश गाउँपालिकाले १० ओटा बसको व्यवस्था गरी पायक पर्ने स्थानबाट गाउँसम्म आफ्ना नागरिकहरूलाई पुऱ्याइएको अध्यक्ष टङ्कबहादुर मुक्तानले जानकारी दिनुभयो ।

**इन्सेक काठमाडौ जिल्ला प्रतिनिधि विमला पौडेलका अनुसार** नेपालमा कोभिड १९ बाट सङ्क्रमित भएको आशङ्कामा देशभर ५१ हजार ३ सय ६७ जनाको स्वास्थ्य परीक्षण गरिएको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जनाएको छ ।
मन्त्रालयका प्रवक्ता डाक्टर विकास देवकोटाले नियमित प्रेस ब्रिफिङमा देशभर पीसिआर विधिबाट ९ हजार ९ सय ३१ र आरडीटी विधिबाट ४१ हजार ४ सय ३६ जनाको परीक्षण गरिएको जानकारी दिनुभयो । हालसम्म नेपालमा कोभिड १९ बाट सङ्क्रमित हुनेहरूको सङ्ख्या ५१ रहेको र १६ जना डिस्चार्ज भैसकेको मन्त्रालयको भनाई छ ।
नेपाल सरकारले स्थापना गरेको कोरोना उपचार तथा नियन्त्रण कोषमा एमआईटी ग्रुप फाउण्डेसनले ३ करोड रुपियाँ सहयोग गरेको छ । गैरआवासीय नेपालीहरू शेष घले र जमुना गुरुङ्गद्वारा स्थापित फाउण्डेसनका प्रतिनिधिहरूले वैशाख १४ गते प्रधानमन्त्री कार्यालयका सचिवलाई सहयोग रकमको चेक हस्तान्तरण गरेका हुन् ।

**इन्सेक ललितपुर. जिल्ला प्रतिनिधि दीपकप्रसाद घिमिरेका अनुसार** लकडाउनको उल्लघङ्न गरेको आरोपमा ललितपुर जिल्लामा वैशाख १४ गते १ सय ८० जनालाई महानगरीय प्रहरी परिसरले कारबाही गरेको छ ।
कोन्ज्योसोम गाउँपालिका-२ शंखुका सुकुम्वासी १४ परिवार सहित अतिबिपन्न, आपाङ्गता भएका नागरिक, दैनिक ज्यालादारी गर्ने गरी ४२ परिवारलाई राहत वितरण गरेको छ ।
स्थानीय सरकारले कोभिड १९ का कारण घरैमा बसेकाहरूलाई कृषिमा आकर्षित गर्न निःशुल्क बीउ बिजन वितरणलाई अघि सारेका छन् । जिल्लाका सबै स्थानीय तहले खेती योग्य जमिन बाँझो नराख्न जग्गा धनीहरूलाई आह्वान गरेका छन् । उनीहरूले जग्गा धनीले खेती नगरेमा सँधियार वा पायक पर्नेहरूले एक सिजनको खेती गर्दा कुनै भाडा वा आयस्रोत बुझाउनु नपर्ने समेत सूचना जारी गरेको गोदावरी नगरपालिका-४, बडिखेलका अध्यक्ष मुकुन्द पहरीले बताउनु भयो ।

**इन्सेक काभ्रे जिल्ला प्रतिनिधि हिरामान तामाङका अनुसार** काभ्रेको खानीखोला गाउँपालिकाले आफ्ना नागरिकको उद्धार गरेको छ । कोरोना भाइरस नियन्त्रणका लागि गरिएको लकडाउन लम्बिएपछि विभिन्न ठाउँमा रोकिएका आफ्ना नागरिकलाई पालिकाले उद्धार गरेको प्रवक्ता मानबहादुर गोलेले बताउनु भयो ।
प्रवक्ता गोलेको अनुसार पालिकाले वैशाख १३ गते र १४ गरी ३ सय नागरिक काठमाडौ, बनेपा, पनौती, धुलिखेललगायतका ठाउँबाट उद्धार गरिएको हो ।
काभ्रेपलाञ्चोक जिल्ला बचत तथा ऋण सहकारी सङ्घले जिल्लाका १३ ओटा स्थानीय तहलाई आर्थिक सहयोग गरेको छ । सङ्घले नगरपालिकालाई ५०/५० हजार र गाउँपालिकालाई ४०/४० हजारका दरले आर्थिक सहयोग गरेको हो ।
अमेरिकामा बसोबास गर्ने मन्डनदेउपुर नगरपालिका प्रेम श्रेष्ठले मण्डनदेउपुर नगरपालिकालाई पाँच सेट ज्वरो नाप्ने थर्मल गन र सात सेट पीपीई सहयोग गर्नु भएको छ ।

**इन्सेक सिन्धुली जिल्ला प्रतिनिधि बिमला पाण्डेका अनुसार** कमलामाई नगरपालिकाले सञ्चारमाध्यमको प्रयोग गरि शैक्षिक ०७६ को सबै कक्षाको नतिजा वैशाख १८ गते भित्र गर्न निर्देशन गरेको छ । शिक्षा समितिको ०७७ वैशाख १३ गते बसेको शिक्षा समितिको बैठकको निर्णय अनुसार विभिन्न रेडियो, अनलाईन तथा पत्रपत्रिका, विद्यालयको वेवसाईड, फेसवुक पेज मार्फत नतिजा सार्वजनिक गर्न अनुरोध सहितको पत्र पठाएको छ । नगरका नीजि तथा सार्वजनिक विद्यालयका लागि उक्त निर्देशन गरेको हो । नगर शिक्षा समितिको बैठकले विद्यालयहरुलाई नियमित पढाई सुरू गर्नका लागि सम्भाव्यता अध्ययनका लागि समेत भएको छ ।
कमलामाई नगरपालिकाले १५ ओटा स्वास्थ्य संस्थामार्फत वैशाख १४ गते २ सय पाँच जना विरामीको स्वास्थ्य जाँच गरिएको छ । नगरपालिकाका ती स्वास्थ्य संस्थामा ज्वरो आएका आठ, रुघा खोकीका सात जना र स्वासप्रश्वास समस्याका दुई जनाको स्वास्थ्य जाँच गरिएको छ ।

सिन्धुली अस्पतालको सिफारिसमा हालसम्म सिन्धुलीमा १ सय ६० जनालाइ होम क्वारेन्टाईनमा पठाईएको सो अस्पतालले जनाएको छ । यस्तै अस्पतालले ९१ जनाको आरडीटी विधिबाट कोरोना परीक्षण गरेको छ भने उक्त अस्पतालमा भर्ना भएका आठ जनाको पीसीआर विधिबाट कोरोना परीक्षण गरिएको छ । अस्पतालका कोभिड १९ फोकल पर्सन प्रसन्न राजभण्डारीले जारी गरेको प्रेस रिलिजमा उक्त कुरा उल्लेख गरिएको छ । यस्तै अस्पतालमा हाल १ सय चार थान पीपीई स्टक रहेको पनि जानकारी दिईएको छ ।
जिल्ला प्रहरी कार्यालय सिन्धुलीले जिल्लाका नौ ओटै स्थानीय तहमा जिल्ला बाहिरबाट आएका नागरिकको सूचना सङ्कलन सुरू गरेको छ ।
कमलामाई नगरपालिकाका सूचना प्रविधि अधिकृत निर्मल लामाले आफ्नो जन्मदिनको अवसरमा सिन्धुली अस्पताललाई ६ थान पीपीई, १ सय थान ग्लोब्स र १ सयथान माक्स सहयोग गर्नुभएको छ ।

**इन्सेक रामेछाप जिल्ला प्रतिनिधि नवराज घिमिरेका अनुसार** रामेछाप जिल्लामा क्वारेण्टानमा बस्नेहरुको सङ्ख्या थपिएको छ । जिल्लामा वैशाख १४ साँझसम्म ३६ जनालाई क्वारेण्टाइनमा राखिएको छ ।
यसैबिच जिल्ला स्थानीय रोग नियन्त्रण समितिले वैशाख १४ गते खाँडादेवी र सुनापति गाउँपालिकाले गरिरहेको काम तथा क्वारेण्टाइन र आइसोलेशन कक्षको अनुगमन गरेको छ । प्रमुख जिल्ला अधिकारी रुद्रादेवी शर्माको नेत्वमा सुरक्षा अधिकारी मानव अधिकारकर्मी तथा पत्रकार समेतको टोलिको अनुगमन पछि यहाँको क्वारेण्टाइन र आइसोलेशन कक्षको गुणस्तर सुधार गर्नु पर्ने देखिएको बताउनु भयो ।
**इन्सेक बागमती प्रदेश कार्यालय हेटौँडा**